# इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

## नगर प्रहरी हवल्दार पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**परीक्षा योजना (Examination Scheme)**

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| २. | द्वितीय चरण | शारीरिक तन्दुरुस्ती | १०० | ४० |
| ३. | तृतीय चरण | लिखित परीक्षा | ५० | २० |
| ४. | चौथो चरण | विशेष स्वास्थ्य परीक्षण | - | - |
| ५. | पाचौ चरण | अन्तरवार्ता | २० | - |

**१. प्रारम्भिक स्वास्थ्य परीक्षण**

(१) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको अधिकृत प्रतिनिधिको रोहवरमा तपशिलमा उल्लेख भए बमोजिमको प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा लिइनेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अनुत्तीर्ण हुने उम्मेदबार त्यसपछिको अन्य चरणको परीक्षामा सम्मिलित हुन पाउने छैन।

**तपशिलः**

| क्र.सं. | बुँदाहरु |
|---|---|
| १. | अंगभंग / कुरुप देखिनेलाई - छनौट नगर्ने |
| २. | हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएकोलाई - छनौट नगर्ने |
| ३. | घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2/K2) भन्दा माथिको लाई - छनौट नगर्ने |
| ४. | धेरै चेप्टो पैताला भएको (भाुल पाइले) - छनौट नगर्ने |
| ५. | प्रश्ट बोली नभएको / भकभके - छनौट नगर्ने |
| ६. | लठ्यौरो - छनौट नगर्ने |
| ७. | ढाड कुप्रो भएको - छनौट नगर्ने |
| ८. | शरीर पुरा झुकाउन नसक्ने - छनौट नगर्ने |
| ९. | जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको) - छनौट नगर्ने |
| १०. | उपचार नहुने दुबी भएकोलाई - छनौट नगर्ने |
| ११. | कपाल झरेको, फुलेको वा रंगाएको (सामान्यत नगर प्रहरी कार्यका लागि असर पर्ने गरी कपाल झरेको, फुलेको वा रंगाएको बाहेक) लाई - छनौट नगर्ने |
| १२. | लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) कम्तीमा पुरुष ५० केजी र महिला ४२ केजीभन्दा कमलाई - छनौट नगर्ने |
| १३. | उचाई र छाती (पुरुषको हकमा छाती नफुलाउदा ३० इन्च र फुलाउदा ३२ इन्च, उचाइ महिला ५ फिट र पुरुष ५.२ फिट) नभएकोलाई - छनौट नगर्ने |
| १४. | आँखा डेढो भएको - छनौट नगर्ने |
| १५. | कुनै एक आँखा चिम्लम नसक्ने (सम्वन्धित Master eye को विपरित आँदा मात्र चिम्लन सक्ने वा दुई आँखा मध्ये कुनै एक मात्र पनि चिम्लन नसक्ने) लाई - छनौट नगर्ने |
| १६. | उचाई अनुसार हुनु पर्ने तौल भन्दा अन्याधिक बढी तौल (BMI) भएकोलाई - छनौट नगर्ने |

| | |
|---|---|
| १७. | शरीरको मोटो तर हात खुट्टा झिनो देखिनेलाई - छनौट नगर्ने |
| १८. | अनुहारमा अस्वाभाविक दागहरु भएकोलाई - छनौट नगर्ने |
| १९. | शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको (प्रहरी कार्यमा असर नपने गरी धार्मिक, सांस्कृतिक वा सामाजिक परम्पराको रुपमा खोपिएका ट्याटु बाहेक) लाई - छनौट नगर्ने |
| २०. | २ (दुई) वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको (अगाडीको दाँत नझरेको, झरेको भए तापनि उपचार पश्चात प्रतिस्थापन गरेको, किरा लागेको दाँत भरेको वा उपचारयोग्य भएको बाहेक) लाई - छनौट नगर्ने |
| २१. | भरिकोच वा नशा फुल्ने भएकोलाई - छनौट नगर्ने |

## २.विस्तृत स्वास्थ्य परीक्षण

(१) सम्वन्धित विषयको विशेषज्ञ चिकित्सकहरुबाट उम्मेदवारहरुको तपशिलमा उल्लेख भए अनुसार विस्तृत स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(२) विस्तृत स्वास्थ्य परीक्षणमा उत्तीर्ण हुने उम्मेदबारलाई योग्य र अनुत्तीर्ण हुने उम्मेदबारलाई अयोग्य जनाई सम्वन्धित चिकित्सकले दस्तखत समेत गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिमा सिलबन्दी गरी पठाउनु पर्नेछ ।

(३) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको रोहवरमा विस्तृत स्वास्थ्य परीक्षणको सिलबन्दी खाम खोली उत्तीर्ण (योग्य) उम्मेदवारहरुको नामावली प्रकाशन गर्नु पर्नेछ । यसरी नामावली प्रकाशन गर्दा सोपछिका परीक्षा कार्यक्रम समेत प्रकाशन गर्नु पर्नेछ ।

1. Height, weight and chest measurement
2. Ches checkup (X-ray report)
3. Urine Test
4. Ear, Nose and Throat Checkup
5. Dental Checkup
6. General Physic Check up (Surgical Test)
7. Boold pressure and pulse check up
8. Eye test (Colour Blind and Vision Power)
9. General Personality Observation
10. Psychiatric Checking

## ३. शारीरिक तन्दुरुस्ती (बाधापार) परीक्षा

(१) परीक्षा सञ्चालन तथा व्यबस्थापन समितिले तोकेको अधिकृत प्रतिनिधिको रोहवरमा संलग्न तपशिलमा उल्लेख भए बमोजिम शारीरिक तन्दुरुस्ती (बाधापार) परीक्षा लिइनेछ । सो परीक्षामा उत्तीर्ण हुने उम्मेदबारको प्राप्तांक शिलबन्दी गरी राखिनेछ ।

(२) शारीरिक तन्दुरुस्ती परीक्षामा अनुत्तीर्ण हुने उम्मेदबार त्यसपछिको अन्य चरणको परीक्षामा सम्मिलित हुन पाउने छैन ।

| ईभेन्टको नाम | पूर्णाङ्क | उत्तीर्णाङ्क | उच्चतम् तथा न्यूनतम समय सिमा | |
|---|---|---|---|---|
| | | | पुरुषको लागि | महिलाको लागि |
| ३०० मिटर दौड | २० | ८ | ४५ सेकेण्ड देखि ५६ सेकेण्डसम्म | ५५ सेकेण्ड देखि ६७ सेकेण्डसम्म |
| ३२०० मिटर दौड | ३० | १२ | १४ मिनेटदेखि १८ मिनेटसम्म | १८ मिनेटदेखि २२ मिनेटसम्म |
| लङ जम्प | १० | ४ | १५ फिटदेखि ११ फिटसम्म | १३ फिटदेखि ९ फिटसम्म |

| | | | | |
|---|---|---|---|---|
| हाइ जम्प | १० | ४ | ४.५ फिटदेखि ३ फिटसम्म | ३.५ फिटदेखि २ फिटसम्म |
| सिट अप | १० | ४ | २० पटकदेखि १२ पटकसम्म | १५ पटकदेखि ५ पटकसम्म |
| पुस अप | १० | ४ | २० पटकदेखि १० पटकसम्म | १४ पटकदेखि ४ पटकसम्म |
| चिन अप / पुल अप | १० | ४ | १२ पटकदेखि ५ पटकसम्म | ३ पटकदेखि ३० सेकेन्डसम्म झुण्डीन सक्ने |
| कुल जम्मा | १०० | ४० | | |

नोटः कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेद्वारहरुलाई सो भन्दा पछि हुने इभेन्टमा सहभागी गराईने छैन ।

लिखित परीक्षा पाठ्यक्रम

(नगर प्रहरी हवल्दार)

पूर्णाङ्कः ५०

समयः १ घण्टा

उत्तीर्णाङ्कः २०

**<u>बहुवैकल्पिक प्रश्न</u> (अंक ५०)**

**खण्ड "क" नेपाली - १० अंक**

१. नेपाली रचना

- क. राष्ट्रिय गान
- ख. निबन्ध लेखन
- ग. चिठ्ठी लेखन
- घ. निवेदन लेखन

२. नेपाली व्याकरण

- क. सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्वन्धि सामान्य जानकारी
- ख. शब्दार्थ (प्रचलित नेपाली शब्दको अर्थ)
- ग. वाक्यमा प्रयोग (प्रचलित शब्दको वाक्यमा प्रयोग)
- घ. विवरीतार्थक शब्द (प्रचलित शब्दको विपरत अर्थ)
- ङ. शुद्ध लेखन (अशुद्ध गरी लेखिएको वाक्यलाई शुद्ध गरी लेख्ने)
- च. अनुच्छेदबाट बुँदा टिपोट

**खण्ड "ख" अंग्रेजी - ५ अंक**

१. Basic skilland knowledge in English

२. Simple sentence making

३. Word Meaning

४. Matching different words according to their suitable words/groups

५. Fill in the blanks (article, preposition, adjective, verbs, adverbs)

## खण्ड "ग" गणित - १० अंक

१. जोड, खटाउ, गुणन, भागा, अंक र अक्षरमा लेखन
२. प्रतिशत
३. सरलीकरण
४. ऐकिक नियम
५. नाफा नोक्सान र साधारण व्याज

## खण्ड "घ" गणित - २५ अंक

१. सामान्य ज्ञान (२०)

क. नेपालको इतिहास सम्वन्धि सामान्य जानकारी
ख. नेपालको भूगोल सम्वन्धि
ग. नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाति र जसंख्या सम्वन्धि
घ. नेपालको वर्तमान संविधान
ङ. नेपाल प्रहरी सम्वन्धि सामान्य ज्ञान (प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी)
च. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
छ. ट्राफिक सम्वन्धी (ट्राफिक चिन्ह, सडक, संकेत र ट्राफिक नियम)
ज. इटहरी उपमहानगरपालिका सम्वन्धि जानकारी
झ. कम्प्युटर, मोबाइल, इन्टरनेट र समाजिक सञ्जाल
ञ. घरेलु हिँसा, लागु औषध र मानव बेचविखन
ट. महत्वपूर्ण समसमायिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार
ठ. नगर प्रहरी जवान / नगर प्रहरी हवल्दारको काम, कर्तव्य र अधिकार

२. बौद्धिक परिक्षण (आई.क्यू.) (५)

शाब्दिक तथा शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडीङ-डीकोडीङ, मिल्दो नमिल्दो छुट्याउने, दिशार दुरी ज्ञान सम्बन्धि परिक्षण

**विशेष स्वास्थ्य परीक्षणः** तोकिए बमोजिम हुनेछ ।